**Please print the letter below and photocopy onto school letterhead before distribution**

हालसालै भएको सामुदायकि घटनाबारे अभिभावकलाई पत्र

Letter to parents regarding recent community events

प्रिय अभिभावक / हेरचाहक ज्यू

हालसालै भएको सामुदायिक घटना पश्चात, तपाईँको स्कूलले निम्न कदमहरू चालेको छ।

सबै विद्यार्थीहरूलाई स्कूल एक सुरक्षित बातावरण रहि रहनेछ भनेर निश्चिन्त बना इएको छ। विद्यार्थीहरूलाई विद्यालयको कल्याणकारी तथा जातिवाद-विरोधी नीति नितिबारे जानकारी दिइएको छ जसले उनीहरूलाई कुनै ब्यक्तिगत दुर्व्यवहार अनुभव गरेमा उनीहरूलाई सहयोग गर्नेछ।

विद्यार्थीहरूलाई आफ्नो मनको कुरा राख्ने अवसर दिइएको थियो तथा उनीहरूलाई कुनै चिन्ता वा दु:ख लागेमा स्कुल परामर्शकर्ता (काउन्सिलर) वा कर्मचारीसँग कुरा गर्न सक्ने जानकारी पनि दिइएको छ। चाहिएको खण्डमा कुनै पनि विद्यार्थीलाई निरन्तर समर्थन उपलब्ध गरा इनेछ।

तपाईँहरूले पनि आफ्नो छोराछोरीसँग यस घटनाबारे कुरा गर्नु राम्रो हुन्छ र उनीहरूलाई अरू ब्यक्तिहरू प्रति, स्कूल वा जनसमुदाय दुवैमा, सहनशील तथा सद्भाव देखाउन प्रोत्साहन गरेमा धेरै सहयोग हुनेछ।

कठिन अवस्था सामना गरिरकेका छोराछोरीलाई घरमा सामान्य दिनचर्या र गतिविधिमा संलग्न गराई रहँदा उनीहरूलाई मद्दत गर्छ।

तपाईँलाई आफ्नो छोराछोरीको बारेमा केहि चिन्ता भएमा कृपया स्कूलमा सम्पर्क गर्नु होला र हामी तपाईँलाई शिघ्र सहयोग गर्नेछौ।

यदि तपाईलाई विद्यालयमा सम्पर्क गर्न दोभाषेको सहायता चाहिन्छ भने कृपया दोभाषे सेवाको टेलिफोन 131 450 मा फोन गर्नुस् र तपाईको भाषाको दोभाषे माग्नुहोस्। तपाईको कुराकानीलाई सहयोग गर्नका लागि अपरेटरले फोन लाइनमा दोभाषेलाई उपलब्ध गराइदिन्छ। यो सेवा लिए बापत तपाईलाई कुनै शुल्क लिइँदैन।

भवदीय

प्रध्यानाध्यापक (Principal)